जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २ २०८२ साल साउन २ गते शुक्रबार (18 July 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : वन मन्त्रालयको एक वर्ष :... ३ पृष्ठमा : परराष्ट्रमन्त्रीको एक वर्ष : ... ३ पृष्ठमा :पदच्यूत नेता हसिनाका ...

# लगातार दोश्रो पटक तिरहुत टाईगर्सले जित्यो मेयरकप प्राइड लिगको उपाधी




**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

मेयरकप सप्तरी प्राईड लिगको सातौ संस्करणको उपाधी लगातार दोश्रो पटक तिरहुत टाईगर्स सप्तरीले हात पारेको छ ।

जिल्ला कै सर्वाधिक पुरस्कार राशीको भएको उक्त प्रतियोगितामा राजदेवी रोयल्स राजविराजलाई ९ विकेटले पराजित गर्दै दोश्रो पटक तिरहुत टाईगर्स सप्तरीले उपाधी हात पारेको हो ।

उपाधी हात पार्दै तिरहुत टाईगर्सले नगद २ लाख तथा उपविजेत राजदेवी रोयल्स राजविराजले १ लाख नगद पुरस्कार प्राप्त गरेको छ ।

राजविराजस्थित पविमाविको खेलमैदानमा विहीवार सम्पन्न फाईनल खेलमा टस जितेर ब्याटिङ्ग रोजेको राजदेवी रोयल्सले निर्धारित २० ओभरमा ९ विकेटको क्षतिमा ९२ रन मात्र बनाउन सफल भएको थियो । जसमा ब्याटिङ्ग तर्फ रोहन विक २३, अभिषेक तिवारी १९ र

*बाँकी अन्तिम पृष्ठमा*

## गाउँब्लक जग्गाको जग्गाधनी पुर्जा वितरण

**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

नापी कार्यालय सप्तरीले बोदेबर्साईन नगरपालिकामा गाउँब्लक जग्गाको जग्गाधनी पुर्जा वितरण गरेको छ ।

नापीले कार्यालयले वडा नं. ४ स्थित सिल्हट पर्साहीका १ सय २० परिवारलाई गाउँब्लक जग्गाको जग्गाधनी पुर्जा वितरण गरेको हो ।

नगरपालिका र नापी कार्यालय सप्तरीको संयुक्त पहलमा बुधबार आयोजित 'गाउँब्लकको जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण कार्यक्रम' मा त्यहाँका १ सय २० परिवारलाई जग्गाको स्वामित्व प्रमाणपत्र ( लालपुर्जा) प्रदान गरिएको छ ।

लामो समयदेखि गाउँब्लक जग्गामा बसोबास गर्दै आएपनि कानुनी रुपमा जग्गाधनी पुर्जा नपाएका स्थानीयवासीले पुर्जा पाएसँगै स्थायी रुपमा बसोबास गरेको जग्गाको स्वामित्व अधिकार प्राप्त पनि गरेका छन् ।

हाल बोदे बरसाईन नगरपालिका भित्रमा साविकको फुलकाही गाविस वडा नं. ६ देखि ९ सम्मका करिब ६० प्रतिशत घरधुरीलाई लालपूर्जा वितरण गरिसकिएको नापी कार्यालय सप्तरी अन्तर्गत ३ नम्बर नापी टोली राजविराजका प्रमुख सतीश यादवले जानकारी दिए ।

उनले बाँकी लाभग्राहीका लागि २१ दिने सूचना प्रकाशन गर्ने तयारी भइरहेको र त्यसपछि जग्गाधनी पुर्जा उपलब्ध गराउने बताए । "केही स्थानमा नक्सासम्बन्धी समस्या देखिएकाले

*बाँकी अन्तिम पृष्ठमा*

# भारोत्तोलन संघ सप्तरीको अध्यक्षमा पुन्तिलाल चयन



**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

भारोत्तोलन संघ सप्तरीको पुर्नगठन गरिएको छ । जिल्ला खेलकुद विकास समितीको सभाकक्षमा विहीवार सम्पन्न भेलाले पुन्तीलाल यादवको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्य समिती चयन गरेको हो ।

यादव केही दिन अघिमात्र भारोत्तोलनको सहायक प्रशिक्षक पदबाट सेवा निवृत्त भएका हुन । उनी भारोत्तोलनमा दुई पटक अन्तराष्ट्रिय पदक समेत जितिसकेका छन ।

संघका निर्वतमान अध्यक्ष एवं प्रदेश सांसद महेश प्रसाद यादवको अध्यक्षता तथा जिल्ला खेलकुद विकास समितीका कार्यालय प्रमुख दिनेश भुजेलको रोहबरमा सम्पन्न भेलाले उपाध्यक्षमा गोपाल प्रसाद गुप्ता, शान्ति चौधरी सचिव जितेन्द्र प्रसाद गुप्ता र कोषाध्यक्षमा राजेन्द्र प्रसाद यादवको चयन गरेको छ ।

सदस्यहरुमा मनोज यादव, लक्ष्मी दास, सुर्यनारायण दास, हेम नारायण साह, रमेश कुमार सिंह, दिपेन्द्र कुमार यादव सर्वसम्मतले चयन भएका छन ।

यस्तै सल्लाहकार समितीमा प्रदेश साँसद महेश प्रसाद यादव, नेपाल खेलकुद प्रत्रकार मञ्चका अध्यक्ष मनोज कुमार माझी, पत्रकार महासंघका कोषाध्यक्ष नविन कुमार गुप्ता, भारोत्तोलन संघका पुर्व अध्यक्ष सुर्यनाथ यादव, डा. शिव शंकर यादव, डा.बिरेन्द्र यादवको चयन गरीएको संघले जनाएको छ ।

नयाँ कार्य समितीको पहिलो बैठकले साउन ३ गते मधेश प्रदेशको बर्दीवासमा हुने संघको मधेश प्रदेश अधिवेशन तथा साउन १५ गते काठमाण्डौमा हुने संघको पाँच साधारण सभामा जिल्ला अध्यक्ष पुन्तीलाल यादवलाई प्रतिनीधीको रुपमा पठाउने निर्णय गरेको छ ।

भेलालाई सम्बोधन गर्दै पुर्वमन्त्री एवं प्रदेश साँसद समेत रहेका संघका निर्वतमान अध्यक्ष महेश प्रसाद यादवले कार्यब्यस्तताका कारण प्रयाप्त समय दिन नसक्ने भएकाले भेला

*बाँकी अन्तिम पृष्ठमा*

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १७ वर्ष देखी संचालन हुदै आएको

**ओभरसियरी क्याम्पस**

( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**

( ३ बर्षे )

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए.

**फारम भर्ने अन्तिम मिति** : २०८२ श्रावण ११ गते सम्म ।

सम्पर्क :

**सफटेक इन्जिनियरिङ कलेज**

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

**स्तनपान गराऔं, बालस्वास्थ्यमा सुधार गरौं ।**

- शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (बिगौती) दुध खुवाऔं,
- जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दुधमात्र खुवाऔं,
- ६ महिना पुरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराऔं,
- आमाको दुध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ,
- स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ,
- चिकित्सकको सल्लाह विना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
- सकेसम्म दुधदानी वा बोतलको दुध प्रयोग नगरौं,
- स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं ।

विश्व स्तनपान सप्ताह सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### मुद्दालाई शुन्यमा झार्नु सह्रानिय

इतिहासमै उच्च अदालत जनकपुर-राजविराज इजलाशले पहिलो पटक १८ महिने मुद्दालाई शुन्यमा झार्न सफल भएको छ ।अदालतको यो उपलब्धीले इतिहास नै कायम गरेको छ । यस्तै अदालतले हालसम्म कै सबभन्दा बढी ७२ दशमलब ७ प्रतिशत मुद्दा समेत फच्र्छौट गर्न सफलभएको छ । यो भन्दा पहिले अदालतले यस्तो उपलब्धी हासिल गर्न सकेको थिएन । अदालतले आ.ब. २०७९/८० मा दर्ता भएका मुद्दा मध्ये ४१ दशमलब ७५ प्रतिशत, आ.ब. २०८०/८१ मा ५२ दशमलब ४ प्रतिशत तथा आ.ब. २०८१/८२ मा ७१ दशमलब ९० प्रतिशत मुद्दा फच्र्छौट गरेको छ ।

सीमित श्रोत साधनका बाबजुद अदालतले यस्तो उपलब्धी हासिल गरेर न्याय क्षेत्रमा उदाहरनिय काम गरेको छ । कार्यालय समय भन्दा अतिरिक्त समय दिएर सबै कर्मचारी खटेर नतिजा निकाल्न सम्भव भएको हो । यसरी मुद्दा फच्र्छौटको संख्या बृद्धि हुनु भनेको जनताले छिटो छरितो न्याय पाउनु हो । विगतमा एउटा मुद्दाका लागि वर्षौ कुर्नु पर्ने बाध्यता रहेको थियो । तर हाल आधुनिक प्रविधि र न्यायाधिशहरुको कुशल कार्यशैलीका कारण यस्तो सकारात्मक परिणाम आउनुले जनताले छिटो छरितो न्याय पाउने आशा अझै बाँकी रहेको बुझ्न सकिन्छ ।

तसर्थ आगामी दिनहरुमा पनि यसरी नै न्यायपालिकाले समयमै मुद्दा फच्र्छौट गर्नेतर्फ गम्भिरता देखाएर जनतालाई समयमै न्याय दिनेतर्फ उत्तरदायि बहन गर्न अग्रसर हुनु आवश्यक छ ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# वन मन्त्रालयको एक वर्ष : मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण र काठमा आत्मनिर्भर बनाउन केन्द्रित

**भीष्मराज ओझा**

काठमाडौं, १ साउन ।

वन तथा वातावरण मन्त्रालयले काठको उत्पादनमा थप वृद्धि गरी काठ तथा काष्ठजन्य वस्तुमा मुलुकलाई आत्मनिर्भर बनाउन केन्द्रित देखिएको छ । गत आर्थिक वर्षसम्म तीन करोड मात्र उत्पादन भएको काठ चालु आवको जेठ मसान्तसम्ममा जम्मा तीन करोड ३५ लाख घनफिट काठ उत्पादन भएको मन्त्रालयले जनाएको छ । साथै प्लाइउड उद्योग तथा जडीबुटी मुख्य विदेश निर्यात हुने वस्तुमा परेको छ ।

वनमन्त्री ऐनबहादुर शाही ठकुरीले एकवर्षे कार्यकालको प्रगतिबारे बिहीबार पत्रकार सम्मेलनमार्फत जानकारी गराउँदै वनको दिगो व्यवस्थापन हुनेगरी वनमा भएका ढलेका, सुकेका र बुढा रुख सङ्कलन गरी काठ दाउराको उत्पादन बढाउन लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "काठ दाउराको आपूर्ति गर्ने र फर्निचरलगायत वनजन्य सामग्री उत्पादन गर्ने उद्योगलाई सरल रूपमा कच्चापदार्थ उपलब्ध गराउने मन्त्रालयको नीति छ । मन्त्रालयले दिगो वन व्यवस्थापन भएको क्षेत्रफल चालु आवमा एक लाख हेक्टर पु¥याउने लक्ष्य राखेकोमा हालसम्म शतप्रतिशत प्राप्त भएको छ ।"

मन्त्री शाहीले यो अवधिमा हरित अर्थतन्त्र विकासको दिशा अवलम्बन गर्दै वन तथा वातावरण संरक्षण, हिमाल, हिमताल र हिमनदी संरक्षण, जैविक विविधता प्रवर्द्धन, वातावरणीय प्रभाव मूल्याङ्कनका लागि नीतिगत सुधारका काम भएका जानकारी दिनुभयो ।

**नीतिगत सुधार**

सङ्घीयतापछि बन्नैपर्ने महत्त्वपूर्ण चार रणनीतिहरू तयार भई नेपाल सरकारले स्वीकृत गरी कार्यान्वयनमा ल्याएको उहाँले बताउनुभयो । त्यस्तै यस अवधिमा चार वटा वन क्षेत्रका महत्त्वपूर्ण रणनीति स्वीकृत भएका र ११ वटा कानुनी दस्तावेजमा जन अपेक्षा अनुसार संशोधन तथा सुधार गरिएको छ । वन क्षेत्रका राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरका महत्त्वपूर्ण कानुनी तथा प्राविधिक दस्तावेज तयार भई स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

नेपालले तेस्रो राष्ट्रिय रूपमा निर्धारण गरिएको योगदान (एनडिसी ३.०) सार्वजनिक गरिसकेको छ । त्यसमा आगामी १० वर्षभित्र ऊर्जा, यातायात, वन क्षेत्रसँग सम्बन्धित हरित गृह ग्यास उत्सर्जन न्यूनीकरण गर्न तथा, जलवायु अनुकूलनसम्बन्धी परिमाणात्मक र नीतिगत लक्ष्यहरू तय गरी राष्ट्रिय दस्तावेज तयार गरिएको छ ।

"नेपालको भू-उपयोग क्षेत्र एउटै नक्शामा हेर्न पाइने गरी नेपालको राष्ट्रिय भू-क्षेत्र नक्शाङ्कन र प्रकाशन भएको छ । नेपालमा पाइने वनस्पतिको विवरण एउटै पुस्तकमा अध्ययन गर्न पाइने गरी नेपाल फ्लोरा प्रकाशन भएको छ" मन्त्री शाहीले भन्नुभयो ।

वन मन्त्रायलले यो वर्ष अहिलेसम्मकै धेरै अथवा कूल गुनासोमध्ये ६२ प्रतिशत भन्दाबढी फछ्र्यौट गरेको छ । विकास आयोजना सञ्चालनको लागि सहजरूपमा वन क्षेत्रको प्रयोगका सन्दर्भमा सहजीकरण गर्नेगरी केही नेपाल ऐन संशोधनमार्फत वन ऐन संशोधन प्रतिनिधिसभाबाट पारित भएको छ । राष्ट्रिय निकुञ्ज, वनस्पति उद्यान क्षेत्रमा स्वदेशी तथा विदेशी पर्यटकका प्रवेशका लागि टिकटका लागि अनलाइन प्रणालीको सेवा कार्यान्वयन तथा विस्तार गरिएको उहाँले बताउनुभयो ।

"हिमाली क्षेत्रका नागरिकको जीविकोपार्जनका लागि महत्वपूर्ण जडीबुटी यार्सागुम्बाको सङ्कलन तथा ओसारपसार सहज बनाउनको लागि निर्देशिका, २०८१ स्वीकृत भएको छ," उहाँले भन्नुभयो, "सरकारले सञ्चालन गर्ने सार्वजनिक संस्थान घाटामा जाने प्रवृत्ति चिर्दै वन निगम र जडीबुटी प्रशोधन केन्द्रमा कार्यान्वयन पक्षमा जोड दिँदै नाफा गएको जानकारी गराउछु ।"

सन् २०२० सम्म ४५ दशमलव ३१ प्रतिशत रहेको वन क्षेत्र सरकार र समुदायद्वारा संरक्षण तथा व्यवस्थापन गरी ४६ दशमलव ०८ प्रतिशत पुगेको छ । यो वर्ष वन उद्यमशीलता र रोजगारीमा उल्लेख्य प्रगति भएको जानकारी गराउँदै मन्त्री शाहीले अहिले सम्ममा ४१ हजार व्यक्ति अथवा एक करोड ४८ लाख ४२ हजार श्रमदिन बराबरको रोजगार प्रदान गरिएको बताउनुभयो ।

**जलवायु परिवर्तन र उपस्थिति**

नेपालले पहिलो पटक जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्य मुख्य विषय राखी सगरमाथा संवादको पहिलो संस्करण सम्पन्न गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परराष्ट्र मन्त्रालय तथा वन मन्त्रालयको सहआयोजनामा सम्पन्न गरी सम्मेलनको निष्कर्षस्वरूप २५ बुँदे 'सगरमाथा कार्य आह्वान' सार्वजनिक गरिएको छ ।

मन्त्री शाहीले जलवायु परिवर्तनले नेपाल र नेपाली समुदायलाई प्रभाव पारेको विषय अन्तरराष्ट्रियस्तरमा स्थापित भएको उल्लेख गर्नुभयो । "यस वर्ष जर्मनीको बोन सेसनमा हिमाल, माउन्टेनको विषयले महत्वपुर्ण प्राथमिकता पाएको छ" उहाँले भन्नुभयो, "हामीले गतवर्ष माउन्टेन, विपद व्यवस्थापन र जलवायु वित्तको मुद्दासहित कोप-२९ मा सहभागी भएका थियौं । प्रस्तुत मुद्दामा हाम्रो उपस्थीतिले सार्थकता पाएको छ ।"

**विकास आयोजनाका लागि सहजीकरण**

मन्त्रालयले विकास आयोजनाका लागि वन क्षेत्रको रुख कटान तथा जग्गा प्राप्तिको लागि आवश्यक प्रक्रिया वेवसाइटमै राखेर सेवाग्राहीलाई सहजता प्रदान गरेको जनाएको छ । गत असार २५ सम्ममा कूल ४१ विकास आयोजनालाई ६०८ दशमलव ८५ हेक्टर वन क्षेत्र प्रयोग गर्न र त्यहाँ रहेका एक लाख तीन हजार सात सय ८८वटा रुखपोल हटाउन अनुमति दिइएको छ ।

विकास आयोजनालाई सहजीकरण हुने गरी वातावरणीय अध्ययन प्रतिवेदनको स्वीकृति प्रक्रियालाई र वन क्षेत्रको प्रयोग गर्न दिने प्रक्रियालाई सरल बनाइएको छ । यस अवधिमा २० वटा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, ३० वटा क्षेत्र तथा कार्यसूची निर्धारण, पाँच वटा पुरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, नौ वटा परिमार्जित वातावरण व्यवस्थापन योजना स्वीकृत भएको मन्त्री शाहीले बताउनुभयो ।

**कार्वन व्यापारमा सफलता**

उहाँले कार्य जिम्मेवारी सम्हालेपछि पेरिस सम्झौता बमोजिम कार्वन व्यापारका लागि स्वीडेन सरकारसँग द्विपक्षीय सम्झौतासमेत भइसकेको उल्लेख गर्नुभयो । "लामो समयदेखि कार्वन उत्सर्जन कटौती गरेवापत भुक्तानी पाउने रेड प्लसको रकम प्राप्त हुन कठिनाई भएकोमा तराईका १३ जिल्लाको करिब १८ लाख टन वनको कार्वन बिक्रीबाट १० मिलियन अमेरीकी डलर प्राप्त सुनिश्चत भइसकेको छ । सो रकम ८० प्रतिशत वन व्यस्थापन गर्ने समुदाय र व्यवस्थापककोमा जाने गरी लाभ वितरण योजना स्वीकृत गरिएको छ," मन्त्री शाहीले भन्नुभयो ।

यसैगरी बागमती गण्डकी र लुम्बिनीको ३२ लाख हेक्टर वन क्षेत्रको कार्वन बिक्रीको वार्ता सम्पन्न भएको छ । नेपाल सरकार वार्ताको सम्झौताको दस्तावेज स्वीकृत गर्ने तयारीमा रहेको छ । साथै कर्णाली, कोशी र अन्य क्षेत्रको कार्वन मापन, खरिद तथा बिक्रीको खाका तयार गरिएको मन्त्रालयले विवरणमा उल्लेख छ ।ऊर्जा, वन, फोहर, उद्योग तथा यातायात क्षेत्रमा उत्सर्जन कटौती भएको कार्वन बिक्रीका लागि निजी क्षेत्रको सहभागिता हुने गरी कार्वन व्यापार नियमावली २०८२ तर्जुमा गरी स्वीकृतिका चरणमा रहेको छ ।

**संरक्षण र वृक्षरोपण**

चुरे संरक्षण कार्यक्रमको प्रगति उत्साजर्न भए पनि राष्ट्रपति चुरे कार्यक्रमलाई मार्गदर्शन गर्ने चुरेको गुरुयोजनालाई तीनै तहको अपनत्व हुने गरी समय सापेक्ष संशोधनको खाका तयार गरिएको छ ।

मन्त्रालयले प्रदेश सरकारसँगको सहकार्यमा ७७ जिल्लामा निःशुल्क बिरुवा वितरण, घरदैलो बिरुवा वितरण कार्यक्रम विधि अपनाउदै सगरमाथा संवादको मूलमर्म र भावनाअनुरूप 'सगरमाथा वृक्षरोपण' महाअभियान सञ्चालन गरिएको छ । हालसम्म करिब तीस लाख बिरुवा वृक्षरोपण र वितरण भएको उहाँले जानकारी गराउनुभयो ।

त्यस्तै वन डढेलो नियन्त्रणका सन्दर्भमा अन्य मन्त्रालय र समुदायसँग मिलेर वनबाट नियमित रूपमा प्रज्वलनशील पदार्थ निकाल्ने र मल बनाउने कार्यमा प्राथमिकता दिई सुरुवात गरिएको छ । वन डढेलोको बिमा कार्यक्रमबाट चार सय ९६ जनाको सामूहिक दुर्घटना बिमा भएको छ ।

**जैविक विविधता तथा वन्यजन्तु संरक्षण**

यस अवधिमा पहिलो पटक हिउँ चितुवाको अवस्था सर्वेक्षण कार्य सम्पन्न भई तीन सय ९७ वटा हिम चितुवा रहेको प्रतिवेदन सार्वजनिक गरिएको छ । जैविक विविधताको हटस्पटको रूपमा रहेको गुल्मीको मदाने, रेसुङ्गा, सुर्खेतको काँक्रे विहार, कैलालीको वसन्ता, वर्दियाको खाता र कैलाली कञ्चनपुरको लालझाडी मोहना वन संरक्षण क्षेत्रको व्यवस्थापन कार्ययोजनाको तयार गरिएको छ ।

जैविक तथा वन्यजन्तु संरक्षणका लागि 'इन्टरनेशनल बिग क्याट एलाइन्स'को सदस्यता प्राप्त गर्नका लागि सरकारबाट निर्णय भएको छ । यसबाट बाघ, चितुवा र हिउँ चितुवा र तिनको बासस्थान संरक्षण गर्न बहुपक्षीय सहयोग प्राप्त हुने उहाँको भनाइ छ । सदर चिडियाखाना जावलाखेलको व्यवस्थापनको जिम्मा राष्ट्रिय प्रकृति संरक्षण कोषलाई दिने गरी म्याद थप भएको छ भने निजी क्षेत्रबाटसमेत चिडियाखाना सञ्चालन र व्यवस्थापनका लागि मापदण्ड निर्माण कार्य अन्तिम चरणमा छ ।

**विकास सहायता र सम्झौता**

मन्त्रालयको नेतृत्व सम्हाले लगत्तै परियोजना विकास तथा जलवायु वित्त नेपालभित्र भित्र्याउन विशेष पहल गरेको अवगत गराउँदै उहाँले यस अवधिमा करिब ११ अर्ब अन्तरराष्ट्रिय वित्त भित्रिएको बताउनुभयो ।

यस अवधिमा नेपाल सरकार र भारत सरकारबीच जैविक विविधता संरक्षणसम्बन्धी संलग्न समझदारीपत्र गर्नका लागि नेपाल सरकारबाट निर्णय भएको छ । प्राविधिक सहायता अन्तर्गत नेपालमा नयाँ परियोजना विकासका लागि बाँसमा आधारित उद्यम विकासका लागि अध्ययन,

*बाँकी अन्तिम पृष्ठमा*

# पराराष्ट्रमन्त्रीको एक वर्ष : कूटनीतिक ‘इङ्गेजमेन्ट’ मार्फत सम्बन्ध विस्तारमा जोड

**एकराज पाठक**

काठमाडौं, १ साउन (रासस)।

गत असोजमा पराराष्ट्रमन्त्री डा आरजु राणा देउवा संयुक्त राष्ट्रसङ्घको ७९औं महासभामा सहभागी हुन अमेरिका रहेका बेला जी ७७, जी २०, एलडिसी तथा असंलग्न शिखर सम्मेलन (नाम) राष्ट्रका मन्त्रीस्तरीय बैठकहरूलाई सम्बोधन गर्नुभयो। प्रधानमन्त्री केपी शर्मा ओलीको भ्रमण दलमा सहभागी उहाँले विभिन्न देशका विदेशमन्त्रीसँग ‘साइडलाइन’ भेटवार्ताका साथै विभिन्न मञ्चमा सम्बोधन पनि गर्नुभएको थियो। यी सम्बोधन एवम् भेटवार्तामा उहाँका एजेण्डा थिए। नेपालले जलवायु परिवर्तनका कारण भोगिरहेको अकल्पनीय क्षति र पाउनुपर्ने न्याय, सन् २०२६ मा अतिकम विकसित राष्ट्रको सूचीबाट स्तरोन्नति भएपछि नेपाललाई आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोग, हमास अतिवादी समूहको नियन्त्रणमा रहेका विपिन जोशीको रिहाइ र नेपाले संयुक्त राष्ट्रसङ्घमा दिएको उम्मेदवारीमा सहयोगका लागि विश्व समुदायलाई अपिल आदि।

त्यस क्रममा ‘साइडलाइन’मा उहाँले कैयौं देशका विदेशमन्त्रीसँग द्विपक्षीय भेटवार्ता पनि गर्नुभयो। भेटमा उहाँले नेपालका राष्ट्रिय एजेण्डा एवम् आवश्यकतालाई अघि सार्दै नेपालप्रतिको सहयोग र सद्भावका लागि विश्व समुदायको ध्यानाकर्षण गराउनुभएको थियो। त्यसअघि उहाँ क्यानाडामा आयोजित विश्वका महिला विदेशमन्त्रीको सम्मेलनमा सहभागी भएर न्युयोर्क पुग्नुभएको थियो। सो सम्मेलनमा आमन्त्रित मन्त्री डा राणाले नेपालका तर्फबाट सम्बोधन गर्नुका साथै विश्वका १० देशका विदेशमन्त्रीसँग द्विपक्षीय भेटवार्ता गर्नुभयो। यी ‘साइडलाइन’ भेटमा पनि उहाँले नेपालको राष्ट्रिय हित र चासोका मुद्दा नै राख्नुभएको थियो।

मन्त्री डा राणाले गत फेब्रुअरीमा जेनेभामा राष्ट्रसङ्घीय मानवअधिकार आयोगको ५९औं उच्चस्तरीय सत्रलाई सम्बोधन गर्नुभयो। त्यसक्रममा उहाँले स्वीट्जरल्याण्ड, नर्वे, फिलिपिन्स, मेक्सिको लगायतका देशका विदेशमन्त्रीसँग द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो। भेटका क्रममा उहाँले राष्ट्रसङ्घमा नेपालको उम्मेदवारीका लागि सहयोग माग्नेदेखि नेपालले आयोजना गरेको सगरमाथा संवादमा आमन्त्रण गर्नुभएको थियो।

नेपालले संयुक्त राष्ट्रसङ्घको सन् २०२७ देखि २०२९ सम्मका लागि मानवअधिकार परिषदको सदस्य, २०२९ देखि २०३१ सम्मका लागि आर्थिक तथा सामाजिक परिषद्को सदस्य एवम् २०३७ देखि २०३८ का लागि सुरक्षा परिषदको अस्थायी सदस्यमा उम्मेदवारी दिएको छ। नेपालको यो उम्मेदवारीमा सहयोगका लागि मन्त्री डा राणाले आफू विदेश भ्रमणमा गएका बखत होस् या नेपालमै आएका विदेशी नेतासँगको भेटकाक्रममा होस् सबैसँग नेपाललाई भोट दिएर सहयोग गर्न अपिल गरिरहनुभएको छ। साथै, नेपाल अर्को वर्षदेखि एलडिसीबाट स्तरोन्नति हुन लागेकाले त्यसपछिको सहयोगका लागि पनि युरोपेली युनियनका देशहरूलाई सहयोगको आग्रह गर्नुभएको थियो।

डा राणा पराराष्ट्रमन्त्रीमा नियुक्त भएको करिब महिना दिनमै भारतीय विदेशमन्त्री डा एश जयशङ्करको निमन्त्रणामा भारतको औपचारिक भ्रमणमा जानुभयो। उहाँले समकक्षीका अतिरिक्त भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग गत भदौ ३ गते भेट गर्नुभयो। त्यस बखत उहाँलाई भारत सरकारले दिएको उच्च प्राथमिकताको चर्चा पनि भएको थियो। प्रधानमन्त्री मोदीसँगको भेटमा आफू र भारतीय प्रधानमन्त्री मोदीले नेपाल-भारत सम्बन्धको बहुआयामिक विविधताका बारेमा छलफल गरेको र यो उच्चस्तरीय भेटवार्ताले दुई देशबीचको ऐतिहासिक सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याएको मन्त्री डा राणाले मात्र नभएर प्रधानमन्त्री मोदीले पनि बताउनुभएको थियो।

त्यसै भ्रमणका क्रममा नयाँदिल्लीमा पराराष्ट्रमन्त्री डा राणासँग द्विपक्षीय वार्तालगत्तै मन्त्री जयशङ्करले भारतले नेपालका १२ वटा जलविद्युत् परियोजनाबाट थप २५१ मेगावाट विद्युत् खरिद गर्ने निर्णय भएको घोषणा गर्नुभएको थियो। भारतीय प्राधिकरणले ती परियोजनाबाट थप २५१ मेगावाट विद्युत् निर्यातको स्वीकृति दिएको थियो। उक्त निर्णयसँगै भारतले दिएको कुल स्वीकृत परिमाण ९४१ मेगावाट पुगेको हो। नेपालको ऊर्जा कूटनीतिको एक महत्वपूर्ण कडीका रूपमा लिइने यस सहमतिबाट भारतले नेपालसँग १० वर्षमा १० हजार मेगावाट विद्युत् आयातका लागि गरेको सहमतिको सुरुआत पनि यसैसाथ भएको थियो।

मन्त्री डा राणाले जापान, जर्मनी, न्युजिल्याण्ड, स्वीट्जरल्याण्ड, नर्वे, क्यानाडा, इन्डोनेशिया, ओमन, कतार, इजरायल, फिलिपिन्स, इरान, मेक्सिकोलगायत अन्य देशका समकक्षी, मन्त्री तथा नेताहरूसँग भेटवार्ता गर्नुभएको छ। राष्ट्रसङ्घको ७९औं महासभामा सहभागितासहित जी ७७, जी २०, एलडिसी तथा असंलग्न शिखर सम्मेलन (नाम) राष्ट्रहरूलाई सम्बोधन, दोहामा एसिडीको तेस्रो सम्मेलन, बैङ्ककमा बिमसटेकको छैठौं शिखर सम्मेलन, क्यानाडामा विश्वका महिला विदेशमन्त्रीको सम्मेलन, बैङ्ककमा युएनस्केपको ८१औं सत्रको अध्यक्षता र सम्बोधन, जेनेभामा राष्ट्रसङ्घीय मानवअधिकार आयोगको ५९औं उच्चस्तीय सत्रलाई सम्बोधन, नयाँदिल्लीमा राइसिना डायलगमा सहभागी र सम्बोधन एवम् हालै मात्र इटालीको रोममा एफएओको ४४औं अधिवेशन एवम् मन्त्रीस्तरीय सत्रलाई सम्बोधन गरी मन्त्री डा राणाले पराराष्ट्रमन्त्रीले गर्नुपर्ने कूटनीतिक ‘इङ्गेजमेन्ट’लाई राम्रैसँग प्रदर्शन गर्नुभएको छ।

यी महत्वपूर्ण बैठक या भेटवार्ताहरूमा नेपालको कूटनीतिक सम्बन्धको दायरा विस्तार गर्ने, नेपालको आफ्नो चासो र हितका विषयहरू अन्तरराष्ट्रिय समुदायसमक्ष राख्ने काम मन्त्री डा राणाले गर्नुभएको छ। साथै यी फोरमहरूमा उहाँले जलवायु परिवर्तनका कारण नेपालले भोग्नु परिरहेका समस्या विश्व समुदायलाई सुनाउने, नेपाल एलडिसीबाट स्तरोन्नति भएपछिको आवश्यक सहयोगका लागि अपिल गर्ने, नेपालले राष्ट्रसङ्घमा दिएका उजुरीका लागि सहयोग गर्न अपिल गर्ने, हमासको नियन्त्रणमा रहेका विपिन जोशीको रिहाइका लागि अपिल गर्ने तथा नेपाललाई आवश्यक सहयोगका लागि आग्रह गर्ने उहाँले गर्नुभएको छ।

लामो समयसम्म पराराष्ट्र मन्त्रालयमा सङ्गठनात्मक व्यवस्थापन सर्वेक्षण (ओएनएम) हुन नसक्दा कर्मचारी अभावमा विदेशस्थित नेपाली मिसनमा कामको चाप धान्न नसक्ने अवस्था रहेको गुनासो थियो। लाखौं नेपाली रहेका कतिपय खाडी देशका नेपाली मिसनमा पनि थोरै कर्मचारी रहेकाले राहदानी, कन्सुलरलगायतका सेवा प्राप्त गर्न कठिन भइरहेको अवस्था अहिले पनि छ। श्रम नभएर अन्य गन्तव्यमा पनि नेपाली डायस्पोराले आवश्यक सेवा प्राप्त गर्न सकेको अवस्था थिएन। जस्तो कि अमेरिकाको टेक्सास, क्यालिफोर्नियामा रहेका लाखौं नेपाली सामान्य कन्सुलर सेवाका लागि समेत न्युयोर्क, वासिङ्टन नै पुग्नुपर्ने बाध्यता रहेकामा अब भने सरकारले डालास र सान्फ्रान्सिस्कोमा महावाणिज्यदूतावास स्थापना गरिसकेको छ। त्यसैगरी अन्य मिसनमा पनि आवश्यकताका आधारमा कर्मचारीको व्यवस्था गरिएकाले ती स्थानका नेपाली डायस्पोरालाई सेवा प्राप्त गर्न सहज हुनेछ।

त्यसैगरी आर्थिक कूटनीतिका माध्यमबाट नेपालमा लगानी भित्र्याउन र नेपाली उत्पादनको निर्यात बजारलाई थप प्रवर्द्धन गर्न पराराष्ट्र मन्त्रालयमा आर्थिक कूटनीति महाशाखा स्थापना भएको छ। यसमार्फत सम्बद्ध अर्थ, उद्योग, ऊर्जा, श्रमलगायतका मन्त्रालयसँगको समन्वयमा मुलुकमा आर्थिक कूटनीतिको प्रवर्द्धनका लागि सो महाशाखाले परामर्श पनि अघि बढाएको छ। देशमा प्रत्यक्ष वैदेशिक लगानी सोचे जति भित्र्याउन नसकिरहेको र निर्यात बढाएर आयात प्रतिस्थापन पनि हुन नसकेको अवस्थामा आर्थिक कूटनीतिले सघाउन सक्ने अपेक्षा गरिएको छ।

मन्त्री डा राणाले हेगस्थित अन्तरराष्ट्रिय अदालतमा उपस्थित भएर नेपाल जलवायु परिवर्तनका कारण धेरै पीडित भएको प्रमाण पेश गर्दै न्याय माग गर्नुभएको थियो। नेपालले सो अदालतमा पुगेर यसरी आफ्नो अवस्था र व्यवस्था दर्साएर न्याय माग गरेको यो पहिलोपटक हो। त्यसपछि नेपालले गत जेठको पहिलो हप्ता सगरमाथा संवादको आयोजना पनि गऱ्यो। नेपालले पहिलोपटक आयोजना गरेको यो अन्तरराष्ट्रियस्तरको कार्यक्रममा नेपालले राखेको जलवायु परिवर्तनको एजेण्डामा सो संवादमा सहभागी विश्वका नेताहरूले सहमति जनाउनुका साथै आगामी दिनमा नेपालको जलवायु न्यायको अभियानलाई साथ र सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका थिए।

प्रायःसबै देशमा पराराष्ट्रमन्त्रीको क्षमता र योग्यताको मापन उसको ‘इङ्गेजमेन्ट’ अर्थात द्विपक्षीय या बहुपक्षीय भेटवार्ता र राष्ट्रिय एजेण्डासहितका अन्तरराष्ट्रिय भ्रमणमा गर्ने गरिन्छ। यसलाई नै पराराष्ट्रमन्त्रीको कूटनीतिक सक्रियता भन्ने गरिन्छ। धेरै वैदेशिक भ्रमण र ती भ्रमणका क्रममा आफ्ना राष्ट्रिय हित र चासोका मुद्दामा वार्तालाप गरी आफ्ना पक्षमा कूटनीतिक कौशलता प्रदर्शन गर्नु नै पराराष्ट्रमन्त्रीको क्षमता हो। यो कसीबाट पराराष्ट्रमन्त्री डा राणाको एक वर्षको मूल्याङ्कन सफल मान्नुपर्छ। नेपालको पराराष्ट्रमन्त्रीका हैसियतले गत भदौ पहिलो साता छिमेकी मुलुक भारतबाट विदेश भ्रमण सुरु गर्नुभएको उहाँले त्यसयता विश्वका अन्य देशसम्म पुगेर आफ्नो कूटनीतिक क्षमता र योग्यताको राम्रोसँग प्रदर्शन गर्नुभएको छ। उहाँले विभिन्न अन्तरराष्ट्रिय मञ्चमा उपस्थितिमार्फत् नेपालको कूटनीतिक दायरा विस्तार गर्नुका साथै राष्ट्रिय हित र हाम्रा चासोका मुद्दालाई प्रमुखताका साथ उठाउँदै आउनुभएको छ।

नेपालको भूराजनीतिक अवस्थिति बमोजिम उहाँले छिमेक सम्बन्ध र कूटनीतिक सन्तुलनलाई पनि राम्रैसँग ख्याल गर्नुभएको छ। भारतका विदेशमन्त्री जयशङ्कर र चिनियाँ विदेशमन्त्री वाङ यीसँग उहाँले तीन पटकसम्म द्विपक्षीय भेटवार्ता गर्नुभएको छ। चीनसँग लामो समयदेखि थाँती रहेको बिआरआई सम्झौतामा हस्ताक्षर भएको छ भने नेपालबाट विद्युत् आयात गर्ने सम्झौतालाई भारतले उहाँ भारत भ्रमणमा रहेकै बेला थप परियोजनामा स्वीकृति दिएर औपचारिक सुरुआत गराएको छ। साथै, यसै अवधिमा भारत भएर बङ्गलादेशले विद्युत् खरिद गर्ने सम्झौता पनि सम्पन्न भएको छ।

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### पदच्यूत नेता हसिनाका समर्थकहरूसँग बङ्गलादेशी सेनाको झडप, कम्तीमा ४ जनाको मृत्यु

ढाका, १ साउन (रासस/एपी)।

बङ्गलादेशी सुरक्षा बलहरूको बुधबार अपदस्थ प्रधानमन्त्री शेख हसिनाका समर्थकहरूसँग भएको झडपमा कम्तीमा चार जनाको मृत्यु भएको र धेरै घाइते भएको अस्पताल अधिकारी र स्थानीय मिडियाले जनाएका छन्।

गत वर्ष अगस्टमा हसिना विरुद्धको विद्रोहको नेतृत्व गर्ने विद्यार्थीहरूले गठन गरेको नयाँ राजनीतिक पार्टीले हसिनाको पैतृक घर दक्षिणपश्चिमी गोपालगञ्ज जिल्ला र उहाँको अवामी लिग पार्टीको गढतर्फ पदयात्रा गर्ने घोषणा गरेपछि बिहान हिंसा भडकिएको थियो।

अधिकारीहरूले पछि जिल्लामा रातिको कर्फ्यू लगाएका थिए। एघार महिनाअघि हसिनाको निष्कासनपछि बङ्गलादेश अराजकता र अनियन्त्रित भिडको हिंसाले ग्रस्त भएको छ। मुलुकको अन्तरिम सरकार बिग्रँदै गएको सुरक्षा अवस्थालाई नियन्त्रणमा ल्याउन असफल भएसँगै बुधबारको आक्रमणले देशको गहिरो विभाजनलाई उजागर गर्दछ।

### अफगान शरणार्थीहरू पाकिस्तानमा गिरफ्तारीको डरले अस्पताल छाड्दै

इस्लामाबाद, १ साउन (रासस/एएनआई)।

पाकिस्तानमा बसोबास गर्ने अफगान आप्रवासीहरूको बढ्दो सङ्ख्याले गिरफ्तारी र निर्वासनको निरन्तर डरका कारण अस्पताल र स्वास्थ्य केन्द्रहरूबाट टाढा बसिरहेको खामा प्रेसले मेडिसिन्स सान्स फ्रन्टियर्स (एमएसएफ) को हालैको रिपोर्टलाई उद्धृत गर्दै बुधबार बताएको छ।

परिस्थितिले उनीहरूको शारीरिक र मानसिक स्वास्थ्य दुवै बिग्रँदै गइरहेको छ। खामा प्रेसका अनुसार एमएसएफले आफ्नो निष्कर्षमा धेरै अफगान अहिले गम्भीर रूपमा अस्वस्थ भए पनि चिकित्सा सहायता लिन डराइरहेका छन्। निर्वासनको डरले उनीहरूको शारीरिक स्वास्थ्यमा नकारात्मक प्रभाव पर्नुका साथै गम्भीर मनोवैज्ञानिक क्षति पनि पुऱ्याएको छ।

सन् २०२३ नोभेम्बरदेखि पाकिस्तानले अफगान नागरिकहरू विरुद्ध आफ्नो निर्वासन अभियान बढाएको छ। सुरुमा, यो कागजातविहीन व्यक्तिहरूमा केन्द्रित थियो तर अब वैध कागजातहरू भएका व्यक्तिहरू पनि जोखिममा छन्।

यद्यपि इस्लामाबादले भर्खरै सन् २०२५ जुलाईदेखि कानूनी निवास कार्ड भएका अफगानहरूको निर्वासन रोक्ने बताएको छ।

पाकिस्तानले हाल अफगान आप्रवासी र शरणार्थीहरूको विश्वको सबैभन्दा ठूलो जनसङ्ख्यामध्ये एकलाई आश्रय दिन्छ। तीमध्ये धेरै अफगानिस्तानमा युद्ध र अस्थिरताबाट बच्न सीमा पार गरेर आएका थिए।

खामा प्रेसका अनुसार अन्तर्राष्ट्रिय संस्थाहरूले पाकिस्तानी सरकारलाई अफगान शरणार्थीहरूलाई अनुचित रूपमा लक्षित गर्न रोक्न र उनीहरूलाई स्वास्थ्य सेवामा उचित पहुँच सुनिश्चित गर्न आग्रह गरिरहेका छन्।

यसअघि, संयुक्त राष्ट्रसङ्घले अफगानिस्तानबाट फर्केका मानिसहरूको ठूलो वृद्धिलाई लिएर चेतावनी दिएको थियो। साथै राष्ट्रसङ्घले सन् २०२५ मा अहिलेसम्म १३ लाखभन्दा बढी मानिस अफगानिस्तान फर्केको भन्दै तत्काल विश्वव्यापी सहयोगका लागि आह्वान गरेको थियो।

इस्लाम काला सीमा बिन्दुको भ्रमणका क्रममा संयुक्त राष्ट्रसङ्घका महासचिवका विशेष प्रतिनिधि रोजा ओटुनबायेभाले भन्नुभयो, “दशकौंअघि द्वन्द्वबाट भागेका परिवारहरूका लागि सकारात्मक घर फर्कने क्षण हुनुको सट्टा थकान, आघात र गहिरो अनिश्चितता देखिएको छ।”

### पाकिस्तानमा २४ घण्टाको भारी मनसुनी वर्षामा ५४ जनाको मृत्यु

रावलपिन्डी, १ साउन (रासस/एएफपी)।

पाकिस्तानमा पछिल्लो २४ घण्टामा भारी मनसुनी वर्षाका कारण ५४ जनाको मृत्यु भएको सरकारको विपद् एजेन्सीले बिहीबार बताएको छ। यो सँगै जुनको अन्त्यमा मनसुनी वर्षाका कारण मृतकको सङ्ख्या करिब एक सय ८० पुगेको छ।

बुधबार बिहानदेखि पञ्जाब प्रान्तका केही भागमा मुसलधारे वर्षा हुँदा सहरी बाढी निम्त्याएको छ।

राजधानी इस्लामाबादको छेउमा रहेको रावलपिन्डी सहर हुँदै बग्ने नदी नजिकै बस्ने बासिन्दाहरूलाई पानीको सतहमा तीव्र वृद्धि भएपछि खाली गर्न आदेश दिइएको छ।

“पछिल्लो २४ घण्टामा पाकिस्तानभरि ५४ जनाको मृत्यु भएको छ र दुई सय २७ जना घाइते भएका छन्, अधिकांश मृत्यु पञ्जाबबाट भएको रिपोर्ट गरिएको छ”, राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका प्रवक्ताले एएफपीलाई भन्नुभयो।

जुन २६ मा मनसुन सुरु भएदेखि ७० बालबालिकासहित करिब एक सय ८० जनाको मृत्यु भएको र करिब पाँच सय जना घाइते भएको प्रवक्ताले बताउनुभयो।

राष्ट्रिय मौसम विभागले शुक्रबारसम्म भारी वर्षा जारी रहने चेतावनी दिएपछि रावलपिन्डी सरकारले मानिसहरूलाई घरमै राख्न बिहीबार सार्वजनिक बिदा घोषणा गरेको छ।

“जोखिमपूर्ण क्षेत्रका बासिन्दाहरूले आपत्कालीन अवस्थामा तीनदेखि पाँच दिनसम्म खाना, पानी र आवश्यक औषधिहरू सहितको आपत्कालीन किटहरू तयार गर्नुपर्दछ”, सरकारले भनेको छ। सन् २०२२ मा मनसुनी बाढीले देशको एक तिहाइ भाग डुबाएको थियो र एक हजार सात सय जनाको मृत्यु भएको थियो।

# काठमाडौँमा बढ्यो डेङ्गीको जोखिम

काठमाडौँ, १ साउन (रासस)।

नियमित पानी परेकाले डेङ्गी सङ्क्रमणको जोखिम बढेको भन्दै काठमाडौँ महानगरपालिकाले सचेत रहन आग्रह गरेको छ।

विगत एक महिनादेखि नियमितजसो पानी परिरहेकाले 'एडिज' जातिका पोथी लामखुट्टेको टोकाइबाट लाग्ने डेङ्गीको सङ्क्रमणको जोखिम पनि बढेको भन्दै सचेत रहन आग्रह गरिएको महानगरको महामारी रोग रोकथाम तथा नियन्त्रणका लागि स्रोत व्यक्ति ऋषि भुषालले जानकारी दिनुभयो।

डेङ्गीबाट कोही सङ्क्रमित भएमा वडामा रहेको स्वास्थ्य प्रवर्द्धन केन्द्रमार्फत सिटामोल र जीवनजललगायत औषधि सहज उपलब्ध गराउन कामपाले सम्पूर्ण तयारी गरिसकेको पनि भुषालले जानकारी दिनुभयो।

जल तथा मौसम विज्ञान विभागले यस वर्षको वर्षायाममा विगतका वर्षमा भन्दा बढी पानी पर्ने भनेपछि डेङ्गीको जोखिम झन बढ्ने महानगरले जनाएको छ। सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र क्लिनिकमा कार्यरत स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयंसेविका, सरसफाइमा काम गर्ने सरसफाइकर्मीले आ-आफ्नो टोलटोलमा पानी जमेको स्थानको सरसफाइसमेत गरिरहेका छन्।

डेङ्गी रोग नियन्त्रण गर्नका लागि सामुदायिक विद्यालयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ। महानगरका ३२ वटै वडामा रहेका सामुदायिक विद्यालयका कक्षा ८, ९ र १० का विद्यार्थीलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको हो।

डेङ्गी सङ्क्रमण भएपछि बिरामीलाई ज्वरो आउने, आँखा रातो हुने र टाउको, पेट, जोर्नी मांसपेशी दुख्ने, आलस्य हुनेजस्ता लक्षण देखा पर्दछन्। टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा मांसपेसी दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तस्राव हुने, शरीरमा रगत जमेको दाग देखापर्नेलगायत लक्षण रहेको भुषालले जानकारी दिनुभयो। एडिज जातको लामखुट्टेले बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकाले सो समयमा थप सचेत हुनुपर्ने छ।

डेङ्गीबाट बच्न घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाउँमा पानी जम्न नदिने, पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरी छोपेर राख्ने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, बिहान, दिउँसो, राति जुनसुकै बेला झूल लगाएर मात्र सुत्ने, पूरै शरीर ढाक्ने लुगा लगाउनेर, काम नलाग्ने र पानी भरिनसक्ने सामान जस्तै बोतल, टायर, प्लाष्टिकका वस्तु पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने, पानी टचाङ्की, फूलदानी, गमलामा राखिएको प्लेट राम्ररी सफा गर्नेलगायत उपाय अपनाउन महानगरको आग्रह छ।

# करेन्ट लागेर एक जनाको मृत्यु, दुई घाइते

**दैनिक समाचारदाता**
**सर्लाही, १ साउन।**

लालबन्दी नगरपालिका-१ मा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता सरोज राईका अनुसार रौतहटबाट न्यु माँ राजदेवी खाद्य उद्योगमा धानको भुस लिन आएको ना.६ख. ७५५० नम्बरको ट्रकबाट त्रिपाल हटाउने क्रममा ट्रकका सहचालक रौतहट वृन्दावन नगरपालिका-७ का ३० वर्षीय दिनेश पासवानको मृत्यु भएको हो।

एघार हजार भोल्टको विद्युत् प्रसारण लाइनमा छुँदा करेन्ट लागेर गम्भीर घाइते भएका उनको हरिवनस्थित नमूना अस्पतालमा मृत्यु भएको हो।

उक्त दुर्घटनामा ट्रकका मजदुर २५ वर्षीय कुन्दन पासवान र ४० वर्षीय जागेश्वर पासवान गम्भीर रुपमा घाइते भएका छन्। उनीहरूको सोही अस्पतालमा उपचार भइरहेको छ।

# 'डिजिटल मिडिया व्यवस्थापन र पत्रकार आचारसंहिता' सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

काठमाडौँ, १ साउन।

प्रेस काउन्सिल नेपालको आयोजनामा बुधबार यहाँ डिजिटल मिडिया व्यवस्थापन र पत्रकार आचारसंहिता' सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा काउन्सिलका बोर्ड सदस्यद्वय शन्तराम बिडारी र नकुल अर्याल, पूर्वसदस्य शुभेच्छाविन्दु तुलाधर, क्रियाशील महिला पत्रकार डब्लुडब्लुजेका अध्यक्ष रामकला खड्का र काउन्सिलका मुख्य अधिकृत झविन्द्र भुसाललगायतले आचारसंहिताको महत्वबारे प्रकाश पार्नुभएको थियो।

पत्रकारिता पेसालाई मर्यादित, जिम्मेवार र विश्वसनीय बनाउन पत्रकार आचारसंहिता कडाइका साथ पालना गर्नुपर्नेमा वक्ताहरूले जोड दिनुभएको थियो।

उहाँहरूले सूचना प्रविधिको विकासले पत्रकारिता क्षेत्रमा नयाँ चुनौती थपेको उल्लेख गर्दै पत्रकार आचारसंहिता कार्यान्वयन नै ती चुनौती सामना गर्ने आधार भएको धारणा राख्नुभयो।

# तीन महिनाको विपद्: ९३ जनाको मृत्यु, २२ बेपत्ता

काठमाडौँ, १ साउन (रासस)।

गत वैशाखदेखि असारसम्मको तीन महिनामा दुई हजार ६५ वटा विपद्जन्य घटना भएका छन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यो वर्षको तीन महिनामा ती विपद्जन्य घटनामा परेर ९३ जनाको मृत्यु भएको छ भने २२ जना बेपत्ता भएका छन्।

प्राधिकरणका प्रवक्ता एवं उपसचिव सुरेश सुनारका अनुसार ती घटनामा परेर आजसम्म चार सय ४५ जना घाइते भएका छन्। उहाँले ती घटनामा परेर चार हजार १३६ परिवार प्रभावित भएका जानकारी दिनुभयो।

प्राधिकरणले बिहीबार सार्वजनिक गरेको विसं २०८२ को पछिल्लो तीन महिनाको विवरणअनुसार बाढीका मात्रै एक सय ३७ घटना भएकामा ती घटनाबाट १३ जनाको मृत्यु र २२ जना बेपत्ता भएका छन्।

केही दिनअघि गत असार २४ गते रसुवा भोटेकोशीमा आएको बाढीले सबैभन्दा बढी मानवीय क्षति गराएको थियो। माथिल्लो क्षेत्रमा भएको हिमताल विष्फोटबाट उक्त घटना भएको थियो।

यस्तै पहिरोका एक सय ७५ घटनामा छ जनाको मृत्यु भएको छ। चट्याङबाट २६, आगलागीबाट १४, जनावरको आक्रमणबाट १२ र लेक लागेर ११ जनाको मृत्यु भएको प्रवक्ता सुनारले जानकारी दिनुभयो। अन्य हावाहुरी, सर्पदंश, भारी वर्षाबाट पनि मानवीय क्षति भएको प्राधिकरणले जनाएको छ।

बाढीबाट मात्रै एक हजार २४६ तथा आगलागीबाट एक हजार ४८ परिवार प्रभावित भएका छन्। पहिरो, चट्याङ, भारी वर्षा, सर्पदंश, हावाहुरी, वन डढेलो, सर्पदंशलगायत घटनाबाट सयौँ परिवार प्रभावित भएका जनाइएको छ।

# विश्व प्रेस काउन्सिलको उपाध्यक्षमा नेपालका किशोर श्रेष्ठ

काठमाडौँ, १ साउन।

प्रेस काउन्सिल, नेपालका पूर्वकार्यवाहक अध्यक्ष किशोर श्रेष्ठ विश्व प्रेस काउन्सिलको उपाध्यक्ष चयन हुनुभएको छ।

अफ्रिकी मुलुक ताञ्जानियामा जारी काउन्सिलको शिखर सम्मेलनबाट उहाँ उपाध्यक्ष निर्वाचित हुनुभएको हो। श्रेष्ठ विश्व प्रेस काउन्सिलको निवर्तमान महासचिवसमेत हुनुहुन्छ। काउन्सिलको आगामी तीन वर्षका लागि सर्वसम्मतिबाट नयाँ नेतृत्व चयन भएको हो। यद्यपि, चुनावका सम्पूर्ण प्रक्रिया पूरा गरिएको नवनिर्वाचित उपाध्यक्ष श्रेष्ठले बताउनुभयो।

नेपालको प्रतिनिधित्व गर्नुभएका श्रेष्ठको प्रस्तावकमा भारतीय प्रेस काउन्सिलका प्रतिनिधि सुधीरकुमार पण्डा तथा समर्थकमा जिम्बाब्वेका लफ्टी दुवे, म्यान्मारका डा तिन तुन ओ, कोसोभोका इब्राहिम अर्सलान र ताञ्जानियाका काजुवी मुकाजाङ्गा रहनुभएका थियो।

काउन्सिल अध्यक्षमा डेभिड ओम्ओयो (केन्या) र अर्का उपाध्यक्षमा अली हान्सेली (साइप्रस) निर्वाचित हुनुभएको छ। यस्तै, ताञ्जानियाका अर्नेस्ट साम्सोन सुङ्गुरा महासचिवको जिम्मेवारीमा आउँदा टर्कीका तामेर अताबारुत कोषाध्यक्ष हुनुभएको छ।

अन्तरराष्ट्रिय सम्पर्क संयोजकमा भारतका सिके नायक र ताञ्जानियाका जियादा किलोबो छानिनुभएको जनाइएको छ।

सोमबारदेखि ताञ्जानियाको आरुसामा भइरहेको काउन्सिलको विश्व सम्मेलन शुक्रबार समापन हुँदैछ। सम्मेलनमा नेपालसहित २७ राष्ट्रका प्रतिनिधिको सहभागिता रहेको छ।

### *वन मन्त्रालयको एक...*

चुरेको भूमिगत पानी पुनःउत्पादनसम्बन्धी अध्ययन तथा पर्वतीय उत्पादनको मूल्य शृङ्खलाको अध्ययन भइरहेको उहाँले बताउनुभयो।

कर्णाली र सुदूरपश्चिमको पहाडी जिल्लालाई समेट्ने गरी भू-संरक्षणका कार्यक्रम सञ्चालन गर्न भू-परिधिमा आधारित जलवायु उत्थानशील विकास कार्यक्रम सञ्चालनमा आएको छ। त्यस्तै दिगो वन व्यवस्थापन र वनक्षेत्र नभएको खाली/सार्वजनिक/पर्ती/नदी उकास तथा निजी जग्गामा वनको विकास मधेश र लुम्बिनी प्रदेशमा सञ्चालनमा रहेको समृद्धिका लागि वनमा १२ मिलियन अनुदान थप सम्झौता भएको मन्त्री शाहीले बताउनुभयो।

**मानव-वन्यजन्तुद्वन्द्व न्यूनीकरण**

यस अवधिमा मानव वन्यजन्तु कम गर्ने उद्देश्यको लागि विश्व वन्यजन्तु कोषमार्फत जिइएफबाट करिब पाँच मिलियन डलर अनुदान प्राप्त भएको छ। यो रकमले मानव वन्यजन्तुद्वन्द्व न्यूनीकरणका लागि उल्लेख्य योगदान हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

"मानव वन्यजन्तु द्वन्द्वको विषय एउटा ठूलो चुनौतीको रूपमा देखा परेको छ। यो आवमा देशका विभिन्न ठाउँबाट छ सय भन्दा बढी समस्याग्रस्त वन्यजन्तु उद्धार र व्यवस्थापन गर्ने कार्य सम्पन्न भएको छ," उहाँले भन्नुभयो," पहिलो, वन्यजन्तुलाई वन तथा निकुञ्जभित्र नै रमाउने गरी वन्यजन्तुको संरक्षण गर्न घाँसे मैदान र पानी स्रोतको व्यवस्थापन जस्ता बासस्थानको सुधारका कार्यक्रम आवश्यक छ। त्यसका लागि कार्यक्रम सञ्चालन गरिएको छ।" चालु आवको हालसम्म एक हजार हेक्टर जमिनमा घाँसे मैदान व्यवस्थापन र ६१३ स्थानमा पानीको स्रोत संरक्षण गरिएको छ।

यसैगरी वन्यजन्तु जङ्गल बाहिर आइ हुने द्वन्द्वलाई रोक्न र सकेसम्मद्वन्द्व हुनै नदिन निरोधात्मक उपाय अन्तर्गत सोलार फेन्सिङ पाँच किमी जालीसहित तारबार निर्माण करिब १३ किमी, निर्माण सम्पन्न भएको छ। निरोधात्मक उपाय अपनाउँदा पनि मानव वन्यजन्तुद्वन्द्व भई मानवीय, पशुधन तथा कृषिवालीको क्षतिबापत राहतका रकम रु सात करोड १३ लाख वितरण गरिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयले जङ्गली रातो बाँदर र जङ्गली बँदेललाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरेको छ भने टुहुरा तथा समस्याग्रस्त वन्यजन्तुलाई उद्धार गरी राख्ने व्यवस्था गरिएको छ। झापालगायत देशका विभिन्न भागमा देखापरेको हात्तीको समस्या समाधानका लागि रेपिड रेस्पोन्स टिमको परिचालनको व्यवस्था गरिएको छ। मन्त्री शाहीले वन क्षेत्र र आवादीको सिमानामा सोलार फेन्सिङ र हात्तीको सहज आवतजावतका लागि कोरिडोर निर्माण र व्यवस्थापनको कार्यक्रम राखिएको बताउनुभयो। आगामी आवमा यसका लागि रु दुई करोड ५० लाख विनियोजनसमेत गरिएको छ।

### *परराष्ट्रमन्त्रीको एक ...*

यसरी छिमेक नीतिदेखि विश्व सम्बन्धसम्म मन्त्री डा राणाले नेपालको परराष्ट्र नीतिलाई सन्तुलित एवम् सबल रूपमा नेपालको आवश्यकता र राष्ट्रिय हितमा समयसापेक्ष विस्तार गर्नुभएको छ। उहाँको यो सक्रियता र कूटनीतिक इङ्गेजमेन्टका कारण नेपालको राष्ट्रिय स्वार्थ बमोजिमका एजेण्डाहरूले अन्तरराष्ट्रिय मञ्चमा पनि प्रवेश र प्राथमिकता पाएका छन्। *(पाठक परराष्ट्रमन्त्री डा आरजु राणा देउवाका प्रेस सल्लाहकार हुनुहुन्छ)*

### *लगातार दोश्रो ...*

जीतु यादव १८ (अविजित) रनको योगदान दिए।

बलिङ तर्फ तिरहुत टाइगर्सका श्रवण यादव ३, चित्र बहादुर विष्ट र अनिल यादवले २/२ तथा राहुल मण्डल र अजय यादवले १/१ विकेट लिए।

९३ रनको बिजय लक्ष्य पछ्याएको तिरहुत १५ दशमल ३ ओभर मै एक विकेटको क्षतिमा लक्ष्य प्राप्त गरेको थियो. । तिरहुत टाईगर्सका लागी भोला साह (अविजित) ५२ तथा निरज यादव (अविजित) १८ रन बनाए। भने अविनाश कर्ण १३ रनको योगदान गरे। बलिङतर्फ राजदेवी रोयल्सका नितेश यादवले एक विकेट लिएका थिए। फाईनल खेलको प्लेयर अफ म्याच विजेता टिमका श्रवण यादव घोषित भए।

यस्तै प्लेयर अफ द टुर्नामेन्ट देवान पुन, वेस्ट गेम चेन्जर भोला साह, वेस्ट बलर चित्र बहादुर विष्ट, उदयीमान खेलाडी अनिल यादव घोषित भए।

राजविराज नगरपालिकाको सहयोग, सप्तरी क्रिकेट संघको आयोजना तथा मधेश प्रदेश क्रिकेट संघको समन्वयमा आयोजित प्रतियोगिताको समापनका अवसरमा क्रिकेट संघ सप्तरीका अध्यक्ष आयुष श्रेष्ठको अध्यक्षतामा आयोजित पुरस्कार वितरण समारोहमा प्रमुख अथिती राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीन, तिरहुत गाउपालिकाका अध्यक्ष विजय कुमार यादव, प्रमुख जिल्ला अधिकारी भोला दाहाल, सशस्त्र प्रहरी उपरिक्षक ज्ञानमणी पौडेल, रेफ्रि बुद्धि बहादुर प्रधान, अन्तराष्ट्रिय खेलाडी महबुब आलम लगायतले विजयी खेलाडीलाई पुरस्कार वितरण गरेका थिए।

### *भारोत्तोलन संघ ...*

मार्फत आफुले लामो समय देखी भारोत्तोलन खेलको विकासका लागि योगदान गरेका पुन्तीलाल यादवलाई जिम्मेवारी सुम्पेको भन्दै भारोत्तोलन खेलको विकासका लागि आफ्नो व्यक्तीगत तथा प्रदेश सकारबाट हुन सक्ने हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए।

### *गाउँब्लक जग्गाको ...*

तत्काल वितरण सम्भव भएन, तर सुधार गरी ती लालपूर्जा पनि चाँडै उपलब्ध गराइनेछ" उनले भने।

कार्यक्रममा नगरप्रमुख आतेशकुमार सिंहले बाँकी वडाहरूमा पनि लालपूर्जा वितरणको प्रक्रिया छिट्टै अगाडि बढाइने बताउ। उनले पुस्तौंदेखि बसोबास गर्दै आएका नागरिक सँग लालपूर्जा नहुँदा सरकारी सेवा, कर्जा सुविधा, घरजग्गा दर्ता लगायतका धेरै समस्यामा भोग्दै आएको बताउँदै नगरक्षेत्र भित्र गाउँब्लक जग्गामा बसोबास गर्ने सबै नागरिकलाई जग्गाधनी पुर्जा उपलब्ध गराउने प्रतिबद्धता जनाए।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*